बारबर्दिया नगरपालिका
BARBARDIYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
जयनगर, बर्दिया
JAYNAGAR, BARDIYA
लुम्बिनी प्रदेश, नेपाल Google Plus Code: 898P+MP Jaynagar LUMBINI PROVINCE, NEPAL

# सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति :- २०८०-१०-२२

प्रस्तुत विषयमा बारबर्दिया नगरपालिका नगरअस्पतालमा तपसिलका पदमा कर्मचारी करार सेवामा भर्ना गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग बमोजिमको विवरण र राजश्व तिरेको भौचर सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल;-**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कै. |
|---|---|---|---|---|---|
| १ | ०८/२०८०-०८१ | मेडिकल अधिकृत (MBBS) | अधिकृतस्तर आठौं तह | १ | |
| २ | ०९/२०८०-०८१ | अ.हे.व. | सहायकस्तर चौथो तह | २ | |

**१. न्युनतम योग्यता :-**

(क) मेडिकल अधिकृत (MBBS) पदका लागि :- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS कोर्ष उत्त्रीर्ण गरि नेपाल मेडिकल काउन्सिलमा दर्ता र नविकरण भएको हुनुपर्नेछ।

(ख) अ.हे.व. पदका लागि :- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. कोर्ष उत्त्रीर्ण गरि नेपाल मेडिकल काउन्सिलमा दर्ता र नविकरण भएको हुनुपर्नेछ ।

**२. उमेर हद :-** मेडिकल अधिकृतको लागि २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको र अ.हे.व. को लागि १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनुपर्नेछ ।

**३. आवश्यक कागजात :-** व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३ ओटा, तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपाल मेडिकल काउन्सिलमा दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, कार्य अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपि प्रमाणपत्र स्वयं उम्मेदवारले दस्तखत गरि प्रमाणित गरि पेश गर्नुपर्नेछ ।

**४. परिक्षाको किसिम :-** वस्तुगत परिक्षा र अन्तरवार्ता परिक्षा ।

**५. दरखास्त दिने अन्तिम मिति:-** मिति २०८०-१०-२२ देखि २०८०-११-०७ गते सम्म, अन्तिम दिन सार्वजनिक विदा पर्नगएमा भोलिपल्ट कार्यालय समय भित्र ।

**६. दरखास्त दिने स्थान :-** बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय, जयनगर बर्दिया।

**७. आवेदन दस्तुर :-** मेडिकल अधिकृत (MBBS)) पदका लागि रु. १२००।– , अहेवका लागि रु.५००।-मात्र कार्यालयको नाममा NIC एसिया बैंक मगरागाडी शाखामा रहेको खाता नं. ११२२०५२४९८२५१००७ मा दाखिला गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ ।

**८. तलव :-** सम्बन्धित पदको लागि निर्धारण भएको सुरु तलव स्केल बमोजिम हुनेछ तर मेडिकल अधिकृतको हकमा दैनिक ८ घण्टा भन्दा समय काम गरेबापत ओभरटाईम थप रकम समेत उपलब्ध गराईनेछ तर अहेवको हकमा नगरपालिका कार्यालयको निर्णय बमोजिम हुनेछ ।

**९. सेवा करार अवधि :-** सम्झौता बमोजिम हुनेछ ।

**१०.** दरखास्त फारम यस कार्यालयको वेभसाईट **www.barbardiyamun.gov.np** वाट प्राप्त गर्नुका साथै अन्य थप जानकारिका लागि नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

084-404100, 404107 इमेल:barbardiyamun@gmail.com, info@barbardiyamun.gov.np
वेबसाइट: www.barbardiyamun.gov.np फेसबुक पेज:https://www.facebook.com/Barbardiyamunicipality/

CamScanner